# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड
## Nerude Laghubitta Bittiya Sanstha Limited

*(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)*

केन्द्रीय कार्यालय, बिराटनगर-३, बलराम-भूपीमार्ग

# १६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित २०७९/१०/०२)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७९/०९/२९ मा बसेको ३०२औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको १६औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरि पारीत गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, समय र स्थान :**

**मिति : २०७९/१०/२८ गते शनिवार (तदनुसार February 11, 2023)**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : उद्योग संगठन मोरङ्गको सभाहल, विराटनगर-२**

**२. साधारणसभामा छलफलहुने विषयहरु :**

**(क) साधारण प्रस्तावहरु :-**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल गरि पारीत गर्ने ।

(२) आ.व.२०७८/७९ को लेखापरीक्षण प्रतिवेदन सहित आ.व.२०७८/७९ को नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण एवम् २०७९ आषाढ मसान्तको वासलात समेतको वित्तीय विवरणहरुउपर छलफल गरि पारीत गर्ने ।

(३) आ.ब. २०७९/८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री मुरलीधर तिवारी (M Tiwari &Associates, Chartered Accountants) बाट लगातर तीन आर्थिक बर्षको लेखापरिक्षण भएकोले निज पुनः नियुक्तीको लागि ग्राह्य नरहनु भएको) ।

(४) संचालक समितिबाट सिफारिस भए बमोजिम चुक्ता पुँजी रु.६० करोडको १.१५७९ प्रतिशतले हुने प्रस्तावित वोनश शेयरको कर प्रयोजनको लागि मात्र रु. ६,९४७,३६८।४२ (उनान्सत्तरी लाख सड्चालिस हजार तीन सय अड्सठ्ठी पैसा बयालिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव माथी छलफल गरि पारित गर्ने ।

(५) सर्वसाधारण शेयरधनीको तर्फबाट १ जना संचालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) वित्तीय संस्थाको जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने ।

(२) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीको केहि दफाहरु संशोधन गर्ने ।

(३) संचालक समितिबाट सिफारिस भए बमोजिम २०७९ आषाढ मसान्तमा कायम चुक्ता पूँजी रु. ६००,०००,०००।- (अक्षरेपी साठी करोड मात्र) को २२ प्रतिशतले हुने रकम रु.१३२,०००,०००।- (तेह्र करोड बिस लाख मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव माथी छलफल गरि पारीत गर्ने ।

(४) यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एकआपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(५) यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन भएमा निर्देशन भए बमोजिम थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**(ग) विविध ।**

**३. वार्षिक साधारणसभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज किताब बन्द रहने:**

यस वित्तीय संस्थाको १६ औं बार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७९/१०/१७ गते यस संस्थाको शेयर दाखिल खारेज किताब बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/१०/१६ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लिमिटेड टेकु, काठमाण्डौमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा वोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनुहुनेछ।

**४. अन्य कुराहरु :**

(क) साधारणसभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र, हितग्राहि नम्बर वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र अनिवार्य पेश गर्नुपर्नेछ।

(ख) यस वित्तीय संस्थाको १६औं बार्षिक साधारणसभाको प्रतिवेदनहरु शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियर तथा इमेलबाट पठाइने छ। उक्त विवरणहरु यस वित्तीय संस्थाको वेबसाइट www.nerude.org.np मा पनि हेर्न सकिनेछ । कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यसै सूचनालाई आधार मानी आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भागलिन आउनहुन अनुरोध गरिन्छ।

(ग) नावालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन ।

(घ) साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा उपलब्ध गराइने (वित्तीय संस्थाको वेबसाइट www.nerude.org.np मा समेत राखिएको) प्रोक्सी फारम भरि यस वित्तीय संस्थाका शेयरधनीहरुलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०७९/१०/२६ गते विहान ११:०० बजे (अर्थात सभा शुरु हुन भन्दा ४८ घण्टा अगावै) यस संस्थाको केन्द्रीय कार्यालय विराटनगरमा दर्ता गराई सक्नुपर्नेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहनुहुने शेयरधनी महानुभावहरुले साधारणसभा शुरु हुनुभन्दा अगाडि लिखित निवेदन दिई प्रतिनिधिको नियुक्ति बदर गर्न सक्नुहुनेछ। तर एक जना शेयरधनीले एक जनाभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै नियुक्ति बदर हुनेछ।

(ङ) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिन सक्नेछन ।

(च) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(छ) सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन सम्बन्धि कार्यक्रम साधारणसभा हुने दिनको ७ दिन अगाडी नै निर्वाचन समितिले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशन गर्नेछ। सो कार्यक्रम बमोजिम निर्वाचनको कार्य संचालन हुनेछ। निर्वाचन सम्बन्धि जानकारी लिनुपरेमा निर्वाचन समितिसंग सम्पर्क राख्नुपर्नेछ। संचालकको उम्मेदवार हुन चाहनेले कम्तिमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ। यस वित्तीय संस्थाको संचालक निर्वाचन निर्देशिका लिन चाहेमा तोकिएको शुल्क तिरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट लिन सकिनेछ। उम्मेदवार हुन शेयरधनी आफै उपस्थित हुनुपर्नेछ।

(ज) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ। शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजे देखि खुल्ला रहनेछ।

(झ) अन्य विस्तृत जानकारीका लागी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

(ञ) अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन ।

(ट) सम्पर्कका लागिः फोन नं. ०२१-४६३०३२/४६२१०१ (कार्यालय समय भित्र) ९८५११२२४०५, ९८४२२४२४९० (कार्यालय समय बाहेक) ।

(ठ) E-mail: info @nerude.org.np

(ड) Website: www.nerude.org.np

संचालक समितिको आज्ञाले,

कम्पनी सचिव